**अध्यक्षज्यू**

**निवर्तमान अध्यक्षज्यू**

**विशिष्ट सदस्य एवं पूर्व अध्यक्षज्यू**

**पूर्व अध्यक्षज्यूहरु**

**उपाध्यक्ष एवं कोषाध्यक्षज्यू**

**कार्यकारिणी समितिका सदस्यज्यूहरु**

**परिषद, समिति, फोरमका सभापति, संयोजक तथा सदस्य साथीहरु**

**संचारकर्मी साथीहरु**

**सचिवालयका कर्मचारी साथीहरु**

**यहांहरु सबै जनालाई मेरो हार्दिक स्वागत तथा अभिवादन ।**

आज हामीले महासंघको इतिहासमा एउटा नयां अभ्यासको थालनी गरेका छौं । जहाँसम्म मलाई लाग्छ, आफ्नो कार्यकाल प्रारम्भ भएको एक सय दिनको समीक्षा गर्ने चलन महासंघको इतिहासमा यो नै पहिलो अभ्यास हो ।

यो कार्यक्रमले हाम्रा योजना तथा कार्यक्रम प्रभावकारी ढंगमा अगाडि बढाउन हामीलाई थप जवाफदेहि बनाउने र सिंगो निजी क्षेत्रलाई मुलुकको आर्थिक विकासमा सशक्त ढंगले लाग्न थप प्रेरणा मिल्ने मेरो विश्वास छ ।

महासंघका अध्यक्षज्यूले हामीले एक सय दिनमा गरेका कार्यक्रम, प्राप्त उपलव्धी, प्रयास र भावी योजनाका बारेमा निकै प्रष्ट ढंगले राख्नु भएको छ । म तिनलाई दोहोऱ्याइरहन आवश्यक ठान्दिन ।

हामी सबैको सतत प्रयास सिंगो निजी क्षेत्रको आत्मसम्मान र गरिमा बढाई मुलुकको आर्थिक विकासमा लगाउने नै हो ।

यहांहरु सबैलाई थाहै छ, मुलुक संघीय संरचना अनुसार अगाडि बढेको छ । महासंघले पनि सोही अनुरुप आफूलाई विस्तारै अगाडि बढाइसकेको छ । प्रदेशहरूको निर्वाचन भएको छ, हाम्रा नेताहरुले त्यसको जिम्मेवारी सम्हाली सक्नुभएको छ । आशा छ, नयाँ संरचनाबाट हाम्रा सरोकारका विषयहरु संबोधन गर्ने काममा थप प्रभावकारिता आउने छ ।

यहांहरुलाई थाहा छ, हाम्रा अगाडी निकै धेरै चुनौतीहरु छन् ।

प्रादेशिक संरचनामा गैसकेपछि हाम्रा करका संरचनाहरु कस्ता हुने, कर संकलनमा स्थानीय उद्योग वाणिज्य संघहरुको भूमिका कस्तो रहने, स्थानीय तहमा विकासका मोडलहरु कसरी तय गर्ने, हाम्रा प्रदेश उद्योग वाणिज्य महासंघहरुको स्रोत व्यवस्थापन कसरी गर्ने यी यावत विषयहरुमा हामीहरु बीच गहन छलफल गर्नुपर्ने बेला आइसकेको छ ।

साथै, छिमेकी देश भारतले लागू गरेको जीएसटी कर तथा त्यसले नेपालको समग्र अर्थतन्त्रमा पार्ने प्रभावको हामीले सुक्ष्म विश्लेषण गर्नुपर्ने अवस्था एकातर्फ छ भने अर्को तर्फ चुनौती नै चुनातीको पहाड झेलीरहेका हाम्रा उद्योग व्यवसायलाई अन्तराष्ट्रिय प्रतिष्पर्धामा लैजान हाम्रो तयारी तीव्र पार्नुपर्ने थप चुनौती हाम्रा सामु छ । हामीले कुरा भन्दा पनि कामका लागि अहोरात्र खट्नु पर्ने बेला आएको छ ।

महासंघले दिने सेवा चुस्त र प्रभावकारी भएन भन्ने हाम्रै सदस्यबाट वारम्वार आईरहेका गुनासालाई संबोधन गर्न अध्यक्षज्यूको नेतृत्वमा रहेको हाम्रो टिमले महासंघ सचिवालय सुदृढीकरणको एजेण्डालाई सबैभन्दा पहिलो प्राथमिकतामा राख्यो ।

त्यसको समग्र जिम्मेवारी अध्यक्षज्यूबाट मलाई दिइएको थियो । हाम्रा सदस्यहरुको माग तथा चाहना अनुसारको सचिवालय हस्तान्तरण गर्ने उद्देश्य अनुसार काम भैरहेको यहांहरु समक्ष जानकारी गराउंदछु ।

त्यसका लागि मानव संशाधन विकासमा अनुभवी विज्ञ सहितको एक टिमले मस्यौदा प्रतिवेदन दिइसकेको छ भने आफ्नो सम्पूर्ण काम सम्पन्न गरी एक दुई दिन भित्रै हामीलाई

अन्तिम प्रतिवेदन हस्तान्तरण गर्दैछ । सो प्रतिवेदनकै आधारमा सचिवालय सुदृढीकरणको कार्यलाई अन्तिमरुप दिइने छ ।

यस बीचमा आपसी सहकार्यका लागि हामीले नेपाल सरकारसंग २ वटा महत्वपूर्ण समझदारी गरेका छौं । उद्योग मन्त्रालय र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयसंग भएका ती समझदारीबाट स्थानीय तहमा उद्यमशीलताको विकास र कर संकलन लगायत विकासका एजेण्डामा स्थानीय तहमा सहकार्य गर्न निकै ठूलो मद्दत पुग्ने हाम्रो विश्वास छ ।

यसले नेपाल सरकार निजी क्षेत्रसंग सहकार्य गर्न प्रतिवद्ध छ भन्ने महशुस हुनुका साथै निजी क्षेत्रप्रति सरकारको विश्वास बढ्दै गएको हामीलाई लागेको छ । सरकारसंग भएका यी समझदारी अनुरुप कार्य गर्न महासंघ पूर्ण प्रतिवद्धताका साथ लाग्ने प्रण समेत गर्दछौं ।

आजैबाट महासंघले आफ्ना सदस्यहरुको समस्याहरु संकलन गरी ती समस्याहरुको समाधानका लागि पहल गर्न Members' Helpline Desk को शुभारम्भ गरेको छ । यसको भरपुर प्रयोग गरी यसलाई बढीभन्दा बढी प्रभावकारी बनाउन म आफ्ना सम्पूर्ण सदस्यहरुलाई हार्दिक आग्रह समेत गर्दछु ।

.............................

.............................

.....................................................................................................

अन्त्यमा यहाँहरुको निरन्तर सल्लाह, सुझाव र सहयोगको अपेक्षा राख्दै यहांहरुको गरिमामय उपस्थितिका लागि महासंघको वर्तमान टिमको तर्फबाट सबैलाई हार्दिक धन्यवाद व्यक्त गर्न चाहान्छु ॥

धन्यवाद ।